〔अप्रिल २०२३ मा कक्षा १ को लागि〕

# जापानमा प्राथमिक विद्यालयको जीवन
# (हिरोशिमा प्रीफेक्चर संस्करण)

विदेशबाट आएका बालबालिका र तिनका परिवार/अभिभावकहरूको लागि

*JIDO = बच्चाहरु जो प्राथमिक विद्यालय जान्छन्
*HOGOSHA = बालबालिका हुर्काउने परिवार/अभिभावकहरू



झोला
जस्तोसुकै रङको भएपनि हुन्छ किताब र कापी राख्नको लागी ।

स्कूलको टोपी
धेरैजसो विद्यालयको आफ्नै टोपी हुन्छ।

विद्यालयको ड्रेस
धेरै विद्यालयहरूमा मौलिक पोशाकहरू हुन्छन।

अलार्म र आदि
बिधार्थीको सुरक्षाको लागि अलार्म/ सिट्ठी राख्नुहोला। .

सोमबार-सेट/शुक्रबार-सेट
प्रत्येक सेटमा P.E. लुगाहरू , स्कूलको खाजा समयको पोशाक, र खाजाको समयमा प्रयोग हुने चटाई समावेश छन्। कृपया थप विवरणहरूको लागि विद्यालयलाई सोध्नुहोस्।

पानि राख्नी टुम्लेट
पानि अथावा चिया।

जुत्ताको लागि झोला
(विद्यालय भित्रको लागि)

मोजाको रंग प्रत्येक विद्यालयले सल्लाह दिन सक्छन।

## सम्पादक: बिउल्ड

विषयसूची


1. स्कूलमा एक दिन 2

2. कानुन र नियमहरू (उदाहरणहरू) 3

3. विद्यालयको दैनिक तालिका 4

4. मूल्याङ्कन 4

5. घरमा आमाबाबुले के गर्नुपर्छ 5

6. विद्यालयमा प्रयोग हुने उपकरणहरू 6

7. विद्यालयमा आवश्यक पैसा 7

8. अभिभावक र विद्यालय बीचको अत्यावश्यक सम्बन्ध 8

9. वार्षिक कार्यक्रमहरू 9

10. विद्यालयको बारेमा थाहा पाउनुहोस् 11

11. हामीलाई परामर्श गरौं 12

12. आमाबाबुले के लगाउनु पर्छ (प्रवेश समारोह) 13

13. भर्ना जानकारी सत्र 13


**यो हिरोशिमामा प्राथमिक विद्यालयहरूको संक्षिप्त मार्गदर्शन हो।**
**यो प्रत्येक विद्यालयको आधारमा फरक हुन सक्छ।**
**कृपया आफ्नो विद्यालयको भर्ना गर्ने दिनमा उपस्थित हुन निश्चित गर्नुहोस्।**
**तपाईंसँग प्रश्नहरू हुँदा कृपया आफ्नो विद्यालयलाई सोध्नुहोस्।**

# 1. स्कूलमा एक दिन

| | |
|---|---|
| भेटहुने समय | **विद्यालयमा आउँदा–**<br>・एउटै क्षेत्रमा बस्ने बालबालिकाहरू प्राय: समूहमा सँगै विद्यालय जान्छन्।.<br>・उनीहरूले विद्यालय/घर जाने बाटोमा निश्चित मार्ग प्रयोग गर्छन्।.<br>**・बच्चाहरू बिहान 7:30 देखि 8:20 सम्म ढिलो वा अनुपस्थित हुने भएमा विद्यालयलाई सधैं जानकारी गर्नुहोस।**<br>**टेलिफोन वा इमेल**<br>**(तपाईंले विद्यालयलाई टेलिफोन वा इमेल वा अन्य मार्फत जानकारी दिनुहुनेछ।)** |
| बिहान<br>8:20 बजे | **बिहानको भेट:** आफ्नो कक्षाकोठामा भएका सबैलाई अभिवादन गर्नुहोस् र हरेक दिन शिक्षकहरूको आज्ञा पालन गर्नुहोस्।<br>**बिहानी भेट:** सबै विद्यार्थीहरू कहिलेकाहीँ एकै ठाउँमा भेला हुन्छन्। |
| बिहान | **कक्षाहरू＊ ・तपाईंको गृह कोठा शिक्षकहरूले तपाईंलाई सिकाउनु हुनेछ।**<br>**＊कक्षा = विद्यालयमा अध्ययन गर्ने समय**<br>・एउटा कक्षा ४५ मिनेटको हुन्छ। खाजा अघि 4 कक्षाहरू छन्।<br>कक्षाहरू हरेक दिन फरक छन्। कृपया पत्राचार नोटबुक हेर्नुहोस।<br>・कक्षाहरूको बीचमा एक सानो ब्रेक हुनेछ।<br>・बच्चाहरूले सानो ब्रेकको समयमा बाथरूम प्रयोग गर्न सक्छन्। |
| खाजा समय | **विद्यालयको खाजा**<br>・विद्यालयले प्रदान गर्नेछ। शुल्क अनिवार्य छ (स्कूल खाजा शुल्क)। (प्रत्येक महिना भुक्तानि गर्नुहोस्।)<br>・कहिलेकाहीं स्कूलको खाजा दिन बिदा हुन्छ।<br>・बालबालिकाहरूले यसलाई सेवा गर्नेछन् । (स्कूलको खाजा टिफिन)<br>・विद्यालयले खाजा मेनु सूची वा पत्र वितरण गर्नेछ।<br> |
| खाजा पछि | **विश्राम वा लंच ब्रेक**—बच्चाहरु स्वतन्त्र रूपमा समय बिताउन सक्छन् जस्तै खेल्न ।<br>**सरसफाई**—बच्चाहरु आफैले विद्यालय भवन सफा गर्छन्। शिक्षकहरूले तिनीहरूलाई मद्दत गर्न सक्छन्। |
| दिउँसो | **कक्षाहरू** ・त्यहाँ सधैं हरेक दिन दिउँसो कक्षाहरू हुँदैनन्।<br>・दिनको अन्त्यको भेट - बच्चाहरूले शिक्षकहरूको कुरा सुन्छन् र अभिवादन गर्छन्।<br>**घर जाने क्रममा**—बच्चाहरू घर जान सक्छन्। स्कूल पछि - कक्षा पछिको समय।<br>※पहिलो १ कक्षाको सुरुमा, बच्चाहरूले कसरी घर जाने अभ्यास गर्नेछन्। |

**स्कूल क्लब पछि** ･･･बच्चाहरू साँझ सम्म स्कूल पछि त्यहाँ जान सक्छन्।

तपाईंले आवेदन दिन आवश्यक छ। कृपया प्रत्येक विद्यालय मार्गदर्शनमा आवश्यक कागजातहरू प्राप्त गर्नुहोस्।

(आवेदन तपाईंको निवास स्थानको सिटी हलमा पेश गर्नुपर्छ।)

विभिन्न 「टायोरी / चिट्ठी」　　※जसलाई「ओटायोरी」पनि भनिन्छ

･विद्यालय पत्र･･･सबै बालबालिकाका लागि समाचार/सूचना
･ग्रेड पत्र (कक्षाको पत्र)･･･प्रत्येक ग्रेड वा कक्षाको लागि समाचार
･स्वास्थ्य हेरचाह पत्र･･･बाल स्वास्थ्य हेरचाहको समाचार
･स्कूलको खाजा पत्र･･･स्कूलको खाजाको बारेमा समाचार
बच्चाहरूलाई खानाको एलर्जी छ भने यसलाई ध्यानपूर्वक पढौं।

**「टायोरी / चिट्ठी」धेरै महत्त्वपूर्ण समाचारहरू छन्।**
**तपाईका शिक्षकहरूलाई एउटा पत्रमा महत्त्वपूर्ण समाचार चिन्ह लगाउन आग्रह गरौं।**
**केही विद्यालयहरूले इमेलद्वारा टायोरी / चिट्ठी वितरण गर्छन्।**

## 2. नियम र कानून (उदाहरणहरू)

× बालबालिकाको कपाल रंगाउनु हुँदैन।

× (छेडिएको) झुम्का जस्ता सामानहरू नलगाउनुहोस्।

× विद्यालयमा कुनै पनि पैसा, खाना, खाजा वा पोर्टेबल खेलहरू नल्याउनुहोस्।

× साइकलबाट विद्यालय नजानुहोस्।


× बच्चाहरू अनुपस्थित भएमा विद्यालयमा सम्पर्क गर्न नबिर्सनुहोस्।

× विद्यालयका शिक्षकहरूलाई जानकारी नदिई विद्यालयबाट घर नजाने ।

× विद्यालयमा कुनै पनि मोबाइल फोन ल्याउनु हुँदैन।

(यदि बच्चाहरूलाई विद्यालयमा फोन चाहिन्छ भने कक्षाकोठा शिक्षकहरूसँग परामर्श गरौं।)

## 3. विद्यालयको दैनिक तालिका




- विद्यालय समाप्त हुने समय दिन र ग्रेड अनुसार फरक हुन सक्छ।
- बच्चाहरूलाई गृहकार्य रेकर्ड गर्ने जिम्मेवारी छ। र हरेक दिन घर जानु अघि आफ्नो पत्राचार नोटबुकमा अर्को दिनको समय तालिका रेकर्ड गर्ने जिम्मेवारी बालबालिकाको हुन्छ।
- शनिबार, आइतवार र बिदाका दिनहरू विद्यालय हुदैन।
- कक्षा शिक्षकहरूले लगभग सधैं तपाइँका बच्चाहरूलाई विद्यालयमा सबै विषयहरूको बारेमा सिकाउनेछन्।

### ＜प्राथमिक कक्षा अध्ययन विषयहरू＞

| | | | |
|---|---|---|---|
| कोकुगो/ जापनीज | संसु /गणित | तईकु/P.E. | ओड्गाकु/संगीत |
| ज़ूगा कोसकु<br>/चित्र र शिल्प | डोउतोकु<br>/नैतिक शिक्षा<br>गक्क्यु काट्सुदो<br>/कक्षाकोठा गतिविधिहरू | सेइकाचु<br>/दैनिक जीवन अध्ययन<br>＜कक्षा 1 & 2＞ | सकाइ<br>/सामाजिक अध्ययन<br>＜कक्षा 3 to 6＞ |
| रिका /विज्ञान<br>＜कक्षा 3 to 6＞ | सोगोतेकी ना गकुस्यु नो जिकान<br>/एकीकृत अध्ययन<br>＜कक्षा3 to 6＞ | कातेइका<br>/अर्थतन्त्र<br>＜कक्षा 5 & 6＞ | गाइकोकुगो काट्सुदो<br>/YICA ＜कक्षा 3 & 4＞<br>गाइकोकुगो<br>/विदेशी भाषाहरू<br>＜कक्षा 5 & 6＞ |

## 4. मूल्याङ्कन

①परीक्षाहरू

- बालबालिकाले कति बुझे/सिकेका छन् भनेर मूल्याङ्कन गर्न।

②मूल्याङ्कन पानालाई आयुमी भनिन्छ

- प्रत्येक टर्मको अन्त्यमा, कक्षा शिक्षकहरूले बच्चाहरूसँग मूल्याङ्कनको बारेमा कुरा गर्नेछन् र तिनीहरूको विद्यालयको दैनिकी कोन्डनकाईमा /व्यक्तिगत बैठकमा अथवा तिन जनाको बैठकमा कुरा गर्नेछन्।

शिक्षकहरूले तपाईंलाई एक मूल्याङ्कन पाना/आयुमी दिनेछन्।

※ आगामी अप्रिलमा, सबैजना अर्को कक्षामा जान्छन्।

## **5.** आमाबाबुले घरमा के गर्नुपर्छ

**①केटाकेटीहरू स्कूल पछि घर आउँछन्･･･**



1. **पत्राचार नोटबुक जाँच गरौं।**

   ・तपाईंले आफ्नो बच्चाहरूले अर्को दिनको लागि गृहकार्य र लेखेको दैनिक तालिका पाउन सक्नुहुन्छ। कक्षा शिक्षकहरूले पनि अभिभावकहरूसँग कुराकानी गर्न यो नोटबुक प्रयोग गर्छन्।

2. **स्कूल द्वारा जारी टायोरी पढौं**
3. **बालबालिकाको गृहकार्य जाँच गरौं। (हस्ताक्षर माग गरिएको छ।)**
4. **सुत्नु अघि स्कूलको लागि तयारी गरौं।**

   ＊हस्ताक्षर＝ सरल अक्षरहरू छाप्नुहोस्। हान्को भए हुन्छ।



**②बच्चाहरू ढिलो/चाँडो विद्यालय छोड्ने/अनुपस्थित हुँदा विद्यालयमा सम्पर्क गर्नुहोस्**

・जसरी भए पनि कल/इमेल/एक पत्राचार नोटबुक मार्फत विद्यालयलाई सम्पर्क गर्नुहोस्।

・बच्चाहरु ढिलो भएमा अभिभावकहरू साथमा स्कूल जानुपर्छ।

・जब बच्चाहरू चाँडै विद्यालय निस्किनु परेमा, अभिभावकहरू बच्चाहरूलाइ लिन स्कूलमा जसरि पनि आउनु पर्छ।



कृपया बालबालिका अनुपस्थित हुँदा विद्यालयमा सम्पर्क गर्न नबिर्सनुहोस्। नत्र दुर्घटनामा पर्न सक्नेछन भनेर शिक्षकहरूले बच्चाहरूको चिन्ता गर्नेछन।

म केन कक्षा 1-A मा पढ्दैछु। म आ
ज्वरोको कारण अनुपस्थित छु।
(अनुपस्थित)

म अन्ना हुँ कक्षा 1-B मा पढ्दै। आज ढिलो हु
भयो, म अस्पताल जान्छु त्यसैले म 10:30
स्कूल आउनेछु। < ढिलो >



म केन ग्रेड 1-B मा पढ्दै छु। आज म दिउँसो १ बजे छोरालाई लिन स्कुल आउनेछु। उनलाई अस्पताल जानुछ।<चाँडो छोड्ने>



# 6. विद्यालयमा प्रयोग गरिने सामानहरुको सूची

(प्रत्येक विद्यालयहरूको सूची फरक हुन सक्छ। सूचना निर्देशन केन्द्रमा नामांकन दिनमा सोधौं।)

सबै वस्तुहरूमा बच्चाहरूको नाम लेखेर निश्चित गर्नुहोस्।　(केही मानिसहरू नाम स्टिकरहरू अर्डर गर्छन्।))

## ① विद्यालयद्वारा उपलब्ध गराइने सामानहरु

| | | |
|---|---|---|
| नाम चिन्ह  | पाठ्यपुस्तकहरू  | नोटबुकहरू  |
| व्यक्तिगत अलार्म / सिट्टी  | पत्राचार नोटबुक/एउटा झोला  | ट्याब्लेट कम्प्युटर (भाडामा मात्र)  |

## ② भर्ना गर्ने दिन अघि खरिदका गर्नुपर्ने सामानहरुको सूची

| | | |
|---|---|---|
| स्कूल झोला (जुन सुकै पनि रङ ठीक छ)  | जुत्ता (बाहिरी प्रयोगको लागि)  | जुत्ता (भित्री प्रयोगको लागि)<br>・जुत्ताकोलागि झोला ★  |
| क झोला (सोमबार र शुक्रबारको लागि) ★  | सफा गर्ने कपडा ★  | खाजाकोलागि गद्दा<br>(विद्यालयको खाजाको लागि)  |
| स्टेशनरी<br>2B पेन्सिल, रातो रङको पेन्सिल,<br>बल-पोइन्टेड पेन, इरेजर, कागज मुनि राख्ने पाना,<br>रुलर/त्रिकोण, पेन्सिल केस |  | P.E लुगाका लागि झोला  |

★हस्तान्तरण समारोहमा हस्तान्तरण गरिनेछ। यो झोलाको आकार बताउने कागजात हो। यी वस्तुहरू स्कूल र पसलहरूमा अर्डर गर्न र खरिद गर्न सकिन्छ।

### ③ सामानहरु जुन स्कूलबाट अर्डर गर्न/किन्न आवश्यक छ।

**(केही विद्यालयहरूले परिवार/अभिभावकहरूलाई नामांकन जानकारी कक्षामा अर्डर गर्न आग्रह गर्छन्। तपाईंको बच्चाहरूको साइज पहिले नै मापन गरौं।)**

| | | |
|---|---|---|
| मेलोडिका/पियानिका  | रंगीन प्लास्टिक पेन्सिलहरू /रंगीन पेन्सिल   | स्कच टेप, ग्लु, कैंची  |
| गणित को लागी सेट  | एक उपकरण बाकस  | P.E. लुगा, रातो र सेतो टोपी  |

※सामानहरुको-सूचीहरू प्रत्येक विद्यालयबाट फरक हुन सक्छ। उदाहरण: विभिन्न आकार/प्रकारका पेन्सिलहरू।

यदि तपाइँसँग कुनै प्रश्नहरू छन् भने कक्षा शिक्षकहरूलाई सोध्नुहोस्।

※यदि तपाइँलाई सम्भव भएमा स्कूलमा अर्डर गर्दा सजिलो हुनेछ।

※झोला बाहेक अन्य सूचीबद्ध सामानहरु किन्नको लागि 50,000 देखि 60,000 येन लग्न सक्छ।

## 7. विद्यालयमा मासिक खर्च

| | | |
|---|---|---|
| ट्युसन र पाठ्यपुस्तकहरू | ¥0.- | ट्युसन र पाठ्यपुस्तकहरू नि:शुल्क छन्। |
| खर्च | लगभग ¥5,000.- | विद्यालयमा प्रयोग हुने सामग्री |
| PTA शुल्क | लगभग ¥3,000,- | अभिभावकीय कार्यक्रम र यस्तै अन्य |
| विद्यालयको खाजा | लगभग ¥5,000.- | ¥250.-/ खाना लगभग 20 दिन |
| अन्य | प्रत्येक ग्रेड अनुसार फरक हुन्छ जस्तै स्कूल यात्रा र अन्य | |

※खर्च निर्दिष्ट बैंक खाताबाट पठाउन सकिन्छ, जुन विद्यालयले अग्रिम संकेत गरेको थियो। त्यसैले कृपया पैसा पठाउने मितिसम्म बैंक खातामा पर्याप्त ब्यालेन्स छ भनी सुनिश्चित गर्नुहोस्।

※केही विद्यालयहरूले बच्चाहरूलाई निश्चित मितिमा नगद ल्याउन आग्रह गर्छन्।

## 8. परिवार (अभिभावक) र स्कूल बीचकको सम्पर्क

जब बच्चाहरू स्कूलमा ढिलो हुन्छन् वा स्कूलमा अनुपस्थित हुन्छन्, आमाबाबु/अभिभावकहरूले स्कूलमा रिपोर्ट गर्नुपर्छ। परिवार /अभिभावकहरूबाट कुनै पनि रिपोर्ट बिना स्कूलमा अनुपस्थित भएमा स्कूलका शिक्षकहरूले बच्चाहरूको बारेमा चिन्ता गर्छन्।

विद्यालयलाई कसरी रिपोर्ट गर्ने:

① अभिभावकहरूले कक्षाकोठा शिक्षकहरूलाई सिधै कल वा इमेल गर्नुपर्छ। (केही विद्यालयहरूमा फरक नियमहरू छन्।)

② पत्राचार नोटबुक प्रयोग गर्नुहोस् र लेखेर यसलाई स्कूलमा बुजाउनको लागि अन्य भाइबहिनी वा आवागमन समूहका अन्य विद्यार्थीहरूलाई दिनुहोस्। (**COVID19** को कारणले केही विद्यालयहरूमा फरक नियमहरू छन्।)

**★यदि तपाई निश्चित हुनुहुन्न वा जापानी भाषा पढ्न सक्नुहुन्न भने,**

एउटै विद्यालयमा अभिभावकहरूलाई सोधौं!
जस्लाई "मामा-टोमो" "पापा-टोमो"



यदि आमाबुवा /अभिभावकहरूले जापानी पढ्न सक्दैनन् भने, कृपया विद्यालयमा सम्पर्क गर्नुहोस्।




「मामा-टोमो」「पा-टोमो」बनाउनको लागि

・प्राथमिक विद्यालयमा PTA भनिने एउटा समूह छ। यो आमाबुवा/अभिभावकहरूको समूह हो। सदस्यहरू सं
आमाबुवा /अभिभावक हुन्। ग्रेड १ मा, PTA निर्देशक सदस्यहरू प्रवेश समारोहको दिन चयन गरिन्छ। प्रारम्भिक
कक्षामा निर्देशक सदस्यहरूले बच्चाहरू/ आमाबुवाहरू/अभिभावकहरूको धेरै साथीहरू बनाउदा केही फाइदाहरू लि
सकिन्छ।

・केही ठाउँ/शहर/नगरहरूमा बेसबल, फुटबल वा भलिबल जस्ता खेलकुद टोलीहरू छन्। त्यस्ता खेलकुद टोलीहरू विद्यालयसंग सम्बन्ध छैनन्। यदि बच्चाहरू त्यस्ता टोलीहरूमा समावेश हुनेछन् भने, यसरी साथी बनाएर फाइदा पनि लिन सक्नेछन्।



## 9. वार्षिक कार्यक्रमहरू

शनिबार, आइतबार र बिदाको दिन विद्यालय बन्द हुन्छ।

| | |
|---|---|
| पहिलो त्रैमासिक (अप्रिल देखि जुलाई) | प्रवेश समारोह - कक्षा 1 मा नयाँ विद्यार्थीहरूलाई स्वागत गर्ने कार्यक्रम।<br>उद्घाटन समारोह - नयाँ कार्यकाल सुरु गर्ने कार्यक्रम।<br>स्वास्थ्य जाँच - डाक्टरहरूले बालबालिकाको स्वास्थ्य/उचाइ/तौल जाँच गर्नेछन्।<br>(त्यहाँ धेरै निदानहरू छन् जस्तै आन्तरिक चिकित्सा, आँखा, दन्त चिकित्सक र मूत्र विश्लेषण।)<br>कार्यकालको अन्त्य समारोह - कार्यकाल समाप्त गर्न को लागी एक कार्यक्रम। एक मूल्याङ्कन पाना ＊बालबालिकालाई दिइनेछ। |
| गर्मी बिदा (अगस्ट) | बच्चाहरू कहिलेकाहीं स्कूल जान सक्छन् जसलाई टोकोबी भनिन्छ।<br>बच्चाहरुले आफ्नो गृहकार्य / असाइनमेन्ट टोकोबीमा वा सेप्टेम्बर मा उद्घाटन समारोह को दिनसम्म समाप्त गर्नु पर्नेछ। |
| दोस्रो त्रैमासिक (सेप्टेम्बर〜डिसेम्बर) | उद्घाटन समारोह - नयाँ कार्यकाल सुरु गर्ने कार्यक्रम।<br>कार्यकालको अन्त्य समारोह - कार्यकाल समाप्त गर्न को लागी एक कार्यक्रम।<br>एक मूल्याङ्कन पाना ＊बालबालिकालाई दिइनेछ। |
| जाडो ब्रेक (डिसेम्बरको अन्त्य〜जनवरीको शुरुमा) | यो लगभग 2–हप्ता लामो हुनेछ।<br>बच्चाहरूले जनवरीको उद्घाटन समारोहको दिनसम्म गृहकार्य पूरा गर्नुपर्छ। |
| तेस्रो त्रैमासिक (जनवरी〜मार्च) | उद्घाटन समारोह - नयाँ कार्यकाल सुरु गर्ने कार्यक्रम।<br>स्नातक समारोह - कक्षा 6 का बच्चाहरूलाई प्राथमिक विद्यालयको स्नातक गर्नको लागि एक कार्यक्रम आयोजना गरिनेछ।<br>टर्मको अन्त्य समारोह — ग्रेड समाप्त गर्न को लागी एक कार्यक्रम। एक मूल्याङ्कन पाना ＊बालबालिकालाई दिइनेछ। |
| वसन्त ब्रेक | बच्चाहरूसँग प्रायः गृहकार्य/असाइनमेन्टहरू हुन्छन्, अप्रिलमा सबै बच्चाहरू अर्को कक्षामा हुनेछन्। |

＊मूल्याङ्कन पाना …पाना भनेको परिवार/अभिभावकहरूको लागि बालबालिकाको मूल्याङ्कनको सूचना हो।
एउटा मूल्याङ्कन पानालाई जापानी भाषामा「त्सुचिह्यो」 वा「आयुमी」 भनिन्छ जुन विद्यालयहरूमा निर्भर हुन्छ।
यो पाना अवधिको अन्त्यमा दिइनेछ। कुनै विद्यालयमा यस्तो पाना छैन।

★डिजास्टर ड्रिल … आगलागी र भूकम्प जस्ता प्रकोपमा कसरी बाहिर निस्कने भनेर जान्नको लागि ड्रिल।
केही विद्यालयहरूले परिवार/अभिभावकहरूलाई ड्रिलमा सामेल हुन सोध्न सक्छन्

★मूल्याङ्कन पाना दिन व्यक्तिगत अन्तर्वार्ता
… कक्षाकोठाका शिक्षकहरू र आमाबाबु/अभिभावकहरूले वर्षमा एक/दुई पटक स्कूलमा आफ्ना बच्चाहरूको बारेमा कुरा गर्नेछन्।

केही विद्यालयहरूले बालबालिकाको घरमा जान सक्छन् जसलाई होम भिजिट भनिन्छ।

**रमाइलो  कार्यक्रम (कार्यक्रमको नाम र विवरणहरू प्रत्येक विद्यालयमा फरक हुन सक्छ।)**

| | |
|---|---|
| खेलकुद महोत्सव  | बच्चाहरूले दौडने, नाच्ने जस्ता खेलकुदहरूमा रमाउन सक्छन्। सबै विद्यार्थीहरू यस कार्यक्रममा सामेल हुनुहोस्। परिवार/आमाबाबु हेर्न आउन सक्नुहुन्छ। |
| भ्रमण  | केटाकेटीहरू खाजा बक्स लिएर विद्यालय बाहिर जान्छन्। शुभ दिन। |
| स्थानीय भ्रमण  | स्थानीय  ठाउहरुमा  भ्रमणहरू। केटाकेटीहरू खाजाको बक्स लिएर बसबाट त्यहाँ जान्छन्। |
| स्कूल यात्राहरू  | कक्षा 6 मा, सबै बच्चाहरू रातभरको यात्रामा जान्छन्। |
| क्याम्पिङ  | कक्षा 5 मा, सबै बच्चाहरू  दुई-रात यात्रामा जान्छन् र बाहिर विभिन्न गतिविधिहरू गर्नेछन्। |
| संगीत वाचन  | प्रत्येक कक्षाका बच्चाहरूले गाउने वा संगीत वाद्ययन्त्र बजाउनेछन्। सबैजना  परिवार / अभिभावकहरू हेर्न आउनेछन्। कहिलेकाहीँ बच्चाहरूले नाटक जस्ता कक्षाहरूमा उनीहरूले सिकेका कुराहरू देखाउँछन्। |
| स्विमिंग पूल कक्षा (जुन ～जुलाई)  | पौडी खेल्ने कक्षा। यस कक्षाको दिन, बच्चाहरूले शरीरको तापक्रम जाँच गर्नुपर्छ र स्विमिङ कार्डमा रेकर्ड गर्नुपर्छ। तिनीहरूले यो कार्ड स्कूलमा ल्याउनु पर्छ। यदि तिनीहरूले यो कार्ड ल्याएनन् भने, तिनीहरू पौडिन सक्दैनन्, तर केवल कक्षा अवलोकन गर्न सक्छन्। |


<table>
<tr><td>स्विमसुट्स </td><td>पौडी टोपी </td><td rowspan="2">लुगा फेर्नको लागि ठूलो<br>तौलिया </td></tr>
<tr><td colspan="2">कृपया स्विमसुट र टोपीमा बालबालिकाको नाम स्पष्ट रूपमा लेख्नुहोस्।<br>कृपया विवरणको लागि स्कूललाई सोध्नुहोस्। (जस्तै पूरा नाम/ थर कहाँ र कति ठूलो लेख्ने आदि।)</td></tr>
</table>

## 10. विद्यालय बारेमा जान्नुहोस्

कक्षाकोठाका शिक्षकहरू र एउटै सहपाठीका परिवार/अभिभावकहरूसँग कुरा गरौं।

① **अवलोकन दिन/"स्कूल जाऔं" हप्ता**

आमाबाबु/अभिभावकहरूले कक्षाहरू, छोटो विश्रामको समय, वा खाजाको समय हेर्ने मौका पाउनेछन् ताकि बच्चाहरूले स्कूलमा कसरी गरिरहेका छन् भनी जान्न पाउनेछन्।



बालबालिकाका साथीहरूको परिवार/अभिभावकहरूलाई चिन्नुहोस्।

② **परिवार/अभिभावक बैठकहरू**

कक्षाहरू अवलोकन गरेपछि, कक्षाकोठामा शिक्षकहरू र परिवार/अभिभावकहरूले बालबालिकाको सिकाइ, विद्यालय जीवन सैली र बच्चाहरूले घरमा कसरी गर्छन् भन्ने बारेमा कुरा गर्नेछन्।

③ **व्यक्तिगत बैठकहरू/मूल्याङ्कन पाना प्रदान गरिनेछ**

परिवार/अभिभावकहरू र कक्षा शिक्षकहरूले कुरा गर्नेछन्। बालबालिकाको मूल्याङ्कन पाना दिन सकिन्छ।
※केही विद्यालयहरूले यस्तो मूल्याङ्कन पाना बच्चाहरूलाई सीधै कार्यकाल समारोहको अन्त्यको दिन दिन सक्छन्।

④ **घर भ्रमण**

कक्षाकोठाका शिक्षकहरूले तपाईंको घर/स्थानमा जानेछन् र कुरा गर्नेछन्।
शिक्षकहरू प्रायः कोठामा प्रवेश गर्दैनन्।
कुनै विद्यालयमा घरको भ्रमण हुँदैन ।



परिवार/अभिभावक र कक्षाका शिक्षकहरूले तपाईंका बच्चाहरूको बारेमा कुरा गर्नेछन्। यो शिक्षक र तपाईं बीचको व्यक्तिगत कराकानी हो।

## ११. तपाईलाई चिन्ता हुँदा परामर्श गरौं।

### ① बालबालिकाको वृद्धि र डर देखाइनुको बारेमा

・आफ्नो चासोको बारेमा कक्षाकोठाका शिक्षकहरूसँग परामर्श गरौं।

・विद्यालय सल्लाहकारहरू परामर्शका लागि उपलब्ध छन् र विद्यालयका नर्सहरू बालबालिकाको वृद्धिको बारेमा परामर्शका लागि उपलब्ध छन्। *विद्यालय सल्लाहकारहरू परामर्शका लागि विशेषज्ञहरू हुन्।

### ② पैसाको बारेमा

・**आर्थिक सहायता प्रणाली** — आवासीय सहर, सहर वा गाउँहरूमा विद्यालयको खाजा र आपूर्तिका लागि यो आर्थिक सहायता प्राप्त गर्न सकिन्छ। विवरणहरूको लागि शिक्षकहरूलाई सोधौं।

※आर्थिक सहयोगको ह्यान्डआउटहरू नामांकन कक्षामा दिइनेछ।

### ③ बालबालिकाको जापानी भाषा

・जापानी बोल्न नसक्नेलाई शिक्षकले जापानी भाषा सिकाउनेछन् ।जापानी भाषा बोल्न नसक्ने अभिभावकबाट हुर्केका बालबालिकालाई जापानी भाषा सिक्न कहिलेकाहीँ कठिनाइ हुन्छ । त्यस अवस्थामा, शिक्षकहरूको सहयोग लिन सकिन्छ। विद्यालय सुरु हुनु अघि कक्षाकोठा शिक्षकहरूलाई विवरणहरूको बारेमा बिस्तृत रुपमा सोधौं।

### ④ अभिभावक / पारिवारको भाषा

・हिरोशिमा प्रान्तमा नि:शुल्क जापानी पाठ कक्षाहरू छन्। शुल्क लिने कक्षाहरू पनि छन्। हिरोशिमामा बस्नेहरूलाई खोजौं!

| |
|---|
| 日本語教室(にほんごきょうしつ)　लिभइन हिरोशिमा |

**☆जब तपाईलाई दोभाषे/भाषा सहायक चाहिन्छ**

・तपाईँले विद्यालयको बैठकहरूमा दोभाषे/भाषा सहायकको लागि सोध्न सक्नुहुन्छ। बुकिंग आवश्यक पर्नेछ, त्यसैले थप विवरणहरूको लागि कक्षा शिक्षकहरूलाई सोधौं।

विद्यालय र कक्षाका शिक्षकहरूले HIC (हिरोशिमा शहरमा रहेको हिरोशिमा अन्तर्राष्ट्रिय केन्द्र) परामर्श स्थानमा सम्पर्क गर्नेछन्।

## 12. प्रवेश समारोहको दिन के लगाउने (परिवार/अभिभावक)



धेरै आमाबाबु/अभिभावकहरूले यस तस्बिरमा देखाइएको यस्तो सूट लगाउँछन्। रंग: कालो, खैरो वा बेज। कसै-कसैले छातीको वरिपरि पिन गरिएको कोर्सेज प्रयोग गर्छन् वा हार लगाउँछन्।


(← कोर्सेज ・ छातीमा लगाउने सहायक उपकरण)

## 13. नामांकन सूचना सत्र (जनवरीको अन्त्यदेखि फेब्रुअरीको शुरुमा)

धेरै सामाग्री हस्तान्तरणहरू गरिनेछ । त्यहाँ व्याख्या गर्न धेरै चीजहरू हुनेछ त्यसैले यो छिटो हुनेछ। ब्रीफिंग तल सूचीबद्ध हुनेछ। ब्रिफिङ अर्डर प्रत्येक विद्यालयमा फरक हुन सक्छ।

**<u>★ पेश गर्न / आवेदन गर्नपर्ने आवश्यक कागजातहरू</u>**

①～ ⑰ सम्म अर्डर फारम पेश गर्न आवश्यक पर्नेछ जस्तै स्कूल ड्रेस र स्टेशनरी र अरु।

| ह्यान्डआउट | व्याख्या |
|---|---|
| ① ट्राफिक सुरक्षा | ट्राफिक दुर्घटनाबाट बच्न सुरक्षा सल्लाह |
| ② आफ्टर स्कुल क्लबको बारेमा | बच्चाहरु विद्यालय पछि साँझ सम्म उपस्थित हुन सक्छन्।<br>★ आवेदन फारम आवश्यक छ / पेश गर्नुपर्छ |
| ③ विशेष शिक्षा | अपाङ्गता भएका/सहयोगको आवश्यकता भएका बालबालिकाका लागि विशेष कक्षाहरू छन्। कृपया थप विवरणहरूको लागि कक्षा शिक्षकहरूलाई सोध्नुहोस्। |
| ④ विद्यार्थीको नियमहरूको मार्गदर्शन | कपडाको र विद्यालयमा ल्याउने सामानको बारेमा नियम।<br>साथै विद्यालय बाहिरको पनि नियम। |
| ⑤ चोट र दुर्घटना आपसी सहायता लाभ प्रणाली | विद्यालयमा चोटपटकको लागि बीमा। |
| ⑥ विद्यालयको खाजा र खानाको एलर्जी | यो स्कूल लंच को सरलता को एक व्याख्या हो।<br>★ यदि तपाईलाई खानाको एलर्जी छ वा तपाईले धार्मिक कारणले खान नसक्ने चीज छ भने, तपाईले आवेदन फारम बुझाउनुहोस् । |
| ⑦ विद्यालयको खाजाको लागि आवेदन फारमहरू | स्कूल लंचको लागि आवेदन दिनुहोस्।<br>★ मिति तय गरिएको छ। सबैले बुझाउनुपर्छ । |

| | |
|---|---|
| ⑧ कक्षा १ मा विद्यालय जान सुरु गर्नु अघि | स्कूलले आमाबाबु/अभिभावकहरूलाई सोध्न सक्छ जस्तै<br>A) बच्चाहरूले गर्न सक्षम हुनुपर्छ<br>B) बालबालिकाहरू यसका लागि तयार हुनुपर्छ (विद्यालयका आफ्नै नियमहरू छन्) |
| ⑨ बालबालिका र परिवारको बारेमा प्रश्नावली | बालबालिका र परिवारका सदस्यहरूमा प्रश्नहरू।<br>★ मिति तय गरिएको छ। सबैले बुझाउनुपर्छ । |
| ⑩ विद्यार्थीहरूको लागि सुरक्षा उपायहरूको लागि इ-मेल वितरण प्रणालीमा नामांकन | अपरिचित र कुनै पनि सुरक्षा उपाय जस्ता समाचारहरू हुँदा इमेलहरू पठाइन्छ। तपाईंले यस ह्यान्डआउटमा कसरी दर्ता गर्ने भनेर उल्लेख गरेर दर्ता गर्न आवश्यक छ। |
| ⑪ घोषणाः शैक्षिक आर्थिक सहायता प्रणाली | आवासीय सहर, गाउँहरूमा आर्थिक सहायता सेवा हुन सक्छ जसले गर्दा तपाईंलाई विद्यालय जानको लागि आर्थिक सहयोग गर्नेछ।<br>★ आवेदन फारम आवश्यक छ। |
| ⑫ घोषणाःअपाङ्गता भएका विद्यार्थीहरूको लागि शैक्षिक आर्थिक सहायता प्रणाली<br><br>※यदि तपाइँ ⑪ को लागी आवेदन गर्नुहुन्छ भने तपाइँ ⑫ को लागी योग्य हुनुहुन्न | अपाङ्गता भएका बालबालिका र विशेष शैक्षिक विद्यालयमा जाने बालबालिकाहरू आर्थिक सहयोगका लागि योग्य छन्। त्यस्ता परिवार/अभिभावकहरूले आम्दानीको आधारमा यस्तो शैक्षिक आर्थिक सहयोग मग्न सक्नेछन्।<br>★ आवेदन फारममा आवश्यकताहरू धेरै छन् जस्तै रसिदहरू, र यसको अन्तिम मिति मे महिनामा छ। |
| ⑬ घोषणाः PTA | परिवार / अभिभावक समूह द्वारा घोषणा। |
| ⑭ PTA निर्देशकहरूको चुनावी सर्वेक्षण पर्ची | यदि तपाइँ PTA निर्देशकको सदस्य बन्न चाहनुहुन्छ वा हुनुहुन्न भन्ने कृपया लेख्नुहोस्। र यो स्लिप स्कूलमा बुझाउनुहोस्।<br>★ मिति तय गरिएको छ। सबैले बुझाउनुपर्छ। |
| ⑮ विद्यार्थीहरू (प्राथमिक र जुनियर हाई स्कूल) कोम्प्रेहेन्सिव पारस्परिक बीमा प्रणाली | तपाईंका बालबालिकाको चोटपटको लागि मात्र नभएर र विद्यालयमा मात्र नभई जुनसुकै बेला र जहाँ पनि तपाईंका बालबालिकाले अन्य विद्यार्थी/साथीहरूलाई हानि पुर्‍याएको खण्डमा प्रयोग हुने बीमा।<br>★ यो वैकल्पिक बीमा हो। यदि तपाईं चाहनुहुन्छ भने, कृपया आवेदन पेस गर्नुहोस। |
| ⑯ घोषणाः प्रवेश समारोह | समारोहको समय र टिप्पणी। |
| ⑰ प्रत्येक छिमेकी संघको नक्सा (स्कूल जाने मुख्य मार्गहरू) | बालबालिकाले विद्यालय जाँदा प्रयोग गर्ने बाटोहरू। (＝Tsugakuro) |

## आफ्नो छोराछोरीको नामको बारेमा

विद्यालयमा, आमाबाबु/अभिभावकहरूले सधैं बच्चाहरूको नाम जापानी भाषामा लेख्छन्।

केटाकेटीहरूले स्कूलमा हिरागानामा आफ्नो नाम कसरी लेख्ने भन्ने अभ्यास पनि गर्छन् जस्तै ह्यान्डआउट र परीक्षा/क्विजमा।

आफ्नो नाम लेख्न लामो भएको खण्डमा कक्षाकोठाका शिक्षकहरूसँग कुरा गरेर उपनाम

विद्यालयमा मात्र प्रयोग गर्नको लागि सोच्दा राम्रो हुनेछ ।

त्यो उपनाम नाम ट्याग, विद्यालयका वस्तुहरू, सामानहरू, र कक्षाकोठाको डेस्कमा भएको

नामको स्टिकरमा पनि लागू हुन सक्छ।

सन्दर्भहरू: 「कुरे शहरमा प्राथमिक विद्यालयको जीवनयापन」 (फेब्रुअरी २०२१ मा सम्पादित)

(सम्पादक: जापानी भाषा नेटवर्क सुमी चुझूकेत्ते कुरे)

「फुकुयामा शहरमा प्राथमिक विद्यालयको जीवनयापन」 (जनवरी २०२२ मा सम्पादित)

(सम्पादक: बिउल्ड)

**जापानमा प्राथमिक विद्यालयको जीवन (हिरोशिमा प्रिफेक्चर)**

**सम्पादक र जारी : बिउल्ड**

अन्तर्राष्ट्रिय मामिला विभाग हिरोशिमा प्रीफेक्चरल सरकार द्वारा समर्थित